# कर्णाली डेभलपमेण्ट बैंक लि.
# Karnali Development Bank Ltd.

नेपालगंज, बाँके, फोन नं.०८१-५२६०१४, ०८१-५२६०१५, फ्याक्स नं.०८१-५२६०४४, ०८१-५२५९८६
Email: kdbl@ntc.net.np

## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४/०१/०७ गते)**

**शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०७४ साल बैशाख ३ गते आइतबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस बैंकको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु उपस्थित भई दिन हुन जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७४ जेष्ठ ६ गते शनिबार ।
**समय** : दिनको १:०० बजे ।
**स्थान** : होटल कल्पतरु, नेपालगंज ।

**छलफल तथा निर्णयका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७३/०७४ को लागि लेखापरिक्षण गर्न बाह्य लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक तय गर्ने ।
३. आ.व. २०७२/०७३ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण सम्बन्धी अनुसुचि उपर छलफल गरी पारित गर्ने ।
४. विविध ।

**(ख) विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुंजी रु.१५ करोड १० लाखको ८ प्रतिशतले हुन आउने रकम बोनश शेयर वापत १,२०,८०,०००/- र सो को ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि समेत) रु. ६३५,७८९/- गरी जम्मा रु. १,२७१५,७८९/- पारित गर्ने ।
२. बैंकको नियमावलीको नियम १८ बमोजिम यस बैंकको प्रबन्ध संचालक पदको व्यवस्था गर्न का लागि प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।
३. विविध ।

संचालक समितिको आज्ञाले,
**(दिनेश कुमार रावत)**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धी सामान्य जानकारी:**

१. साधारण सभा प्रयोजनको लागि मिति २०७४ साल बैशाख १३ गते देखि २०७४ साल जेठ ६ गते सम्म शेयर दाखिल खारेजको काम बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७४।०१।१२ गतेसम्म कारोबार भै सात कार्य दिन भित्र यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, दरबारमार्ग, काठमाडौंमा प्राप्त शेयर नामसारी भएको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा नाम कायम रहेको शेयरधनीले सो सभामा भाग लिन पाउनेछन् ।
२. साधारणसभामा भाग लिनका लागि प्रवेशपत्र वा शेयर प्रमाणपत्रको सक्कलप्रति साथमा लिई आउनुहुन सबै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ । कुनै कारणवस शेयरधनी महानुभावहरुले प्रवेशपत्र प्राप्त गर्न नसकेमा यस बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय नेपालगंजमा साधारणसभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेश-पत्र प्राप्त गर्न सक्नुहुनेछ ।
३. साधारणसभामा भाग लिन प्रतिनीधि नियुक्त गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले यस डेभलपमेण्ट बैंकको साविकका शेयरधनीलाई मात्र प्रतिनीधि नियुक्त गर्न सक्नुहुनेछ । प्रतिनीधिपत्र (प्रोक्सी) साधारणसभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड (प्रधान) कार्यालयमा दर्ता हुनुपर्नेछ ।
४. एकजना शेयरधनीले एकभन्दा बढी प्रतिनीधि नियुक्त गर्न सकिने छैन । एकजना भन्दा बढी प्रतिनीधि नियुक्त भएको देखिएमा सम्पूर्ण प्रोक्सी स्वतः बदर हुनेछ ।
५. शेयरधनीले प्रतिनीधि नियुक्त गरिसकेपछि प्रतिनीधि नियुक्तिपत्र (प्रोक्सी) बदर नगरी आफै साधारणसभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनीधि नियुक्तिपत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
६. बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नेछन् ।
७. संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा शेयरधनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीले प्रतिनीधि नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन गर्न पाउने छन् ।
८. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा साधारणसभा हुने दिन विहान ११:०० बजेदेखि साधारणसभा समापन नहुन्जेलसम्म खुल्ला राखिनेछ ।
९. वासलात नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण (अनुसूचि सहित) बैंकको प्रधान कार्यालय तथा काठमाडौं उपत्यकाका शेयरधनीहरुले बैंकको वित्तीय विवरण सहितको पुस्तिका यस बैंकको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, दरबारमार्ग, काठमाडौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।
१०. अन्य विस्तृत जानकारीका लागि यस बैंकको रजिष्टर्ड (प्रधान) कार्यालयको फोन नं. ०८१-५२६०१४/१५ मा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
११. साधारणसभाको दिन सभा शुरु हुनु भन्दा अगावै उपस्थित भई दिनु हुन शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ ।